# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

**(८ आषाढ २०८३)**

**सिद्धलेक गाउँपालिकाको गाउँ सभाको १९ औ अधिवेशनमा उपस्थित सिद्धलेक गाउँपालिकाको उपाध्यक्ष ज्यू,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**वडा अध्यक्ष ज्यूहरु,**

**गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु,**

**गाउँ सभाका सदस्य ज्यूहरु,**

**गाउँपालिकाका सम्पूर्ण कर्मचारी एवं सुरक्षाकर्मी मित्रहरु,**

**संचारकर्मी मित्रहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरु ।**

सहकारीता, सहअस्तित्व र समन्वयको सिद्दान्तमा आधारित संघीयताको माध्यमबाट जनमुखि शासन संचालन गरी आमनागरिकलाई सुशासन, विकास र सेवा प्रवाहको सुनिश्चितता गरी आर्थिक सम्वृद्धि हासिल गर्ने नेपालको संविधानको ध्येय बमोजिम स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित भई राष्ट्रिय आकाङ्क्षाको पथमा ***"उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक"*** भन्ने मुल नाराका साथ सिद्धलेक गाउँपालिकाको आ.व २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु । यस महत्वपूर्ण घडिमा नेपालको राष्ट्रियता, अखण्डता , स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर शहिद तथा अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै आर्थिक सामाजिक रुपान्तरणमा वहाँहरुले पुर्याउनुभएको योगदानको स्मरण गर्न चाहन्छु ।

जेन्जी पुस्ताको नाममा २०८२ साल भदौ २३ र २४ गते देशभर भएको प्रदर्शनका क्रममा भएको अकल्पनीय क्षति, समय अगावै प्रतिनिधि सभाको आवधिक निर्वाचन सम्पन्न गर्नुपर्ने जिम्मेवारी, साथै मध्यपूर्व तथा पश्चिम एसियामा विकसित संकटका कारण पेट्रोलियम पदार्थ लगायत निर्माण सामग्रीमा

भएको अस्वाभाविक तथा अप्रत्याशित मूल्यवृद्धि लगायतका विभिन्न चुनौतीहरूका कारण विकास योजना तथा आयोजनाहरू समयमै सम्पन्न हुन नसक्ने हो कि भन्ने आशंका उत्पन्न भएको थियो ।

तथापि, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, बुद्धिजीवी, समाजसेवी, निर्माण व्यवसायी तथा आम नागरिकको साझा प्रयास र प्रतिबद्धताका कारण निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत सञ्चालन भएका विकास निर्माणका कार्यहरूलाई समयमै सम्पन्न गर्ने लक्ष्यसहित तीव्र गतिमा अगाडि बढाइएको छ । यस उद्देश्य प्रति सिद्धलेक गाउँपालिका दृढतापूर्वक प्रतिबद्ध रही विकास निर्माणका कार्यहरूलाई प्रभावकारी रूपमा अघि बढाइरहेको छ ।

नेपालको संविधान जारी भए पश्चात् सम्पन्न स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरूको गरिमामय कार्यकालको चार वर्ष पूरा भइसकेको छ । यस अवधिमा सुरुवाती कार्यानुभवका चुनौती, जटिल भौगोलिक संरचना, सीमित स्रोत—साधन एवं अन्य विविध प्रतिकूल परिस्थितिहरूका बाबजुद विकास निर्माण र सेवा प्रवाहलाई थप प्रभावकारी, द्रुत र जनमुखी बनाउँदै आम सिद्धलेक वासी दाजुभाइ तथा दिदी बहिनीहरूको बृहत्तर अपेक्षा र आकाङ्क्षाहरू सम्बोधन गर्न निरन्तर एवं निष्ठापूर्वक प्रयास गरिएको व्यहोरा यस सम्मानित सभा समक्ष सविनय निवेदन गर्न चाहन्छु ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

गाउँपालिका भित्र तत्कालिन आवधिक, मध्यमकालिन र दिर्घकालिन योजनाहरुको पहिचान, प्राथमिकिकरण, छनौट, व्यवहारिक कार्यान्वयन र तिनिहरुको प्रभावकारी मूल्याङ्कन जस्ता क्रियाकलापहरुलाई तथ्यपरक एवं मापदण्डमा आधारित बनाउँदै निर्वाचित अवधी देखी हाल सम्म विभिन्न क्षेत्रमा संचालन गरेका क्रियाकलाप र हासिल भएका प्रमुख उपलब्धीहरु बुदागत रुपमा यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छुः-

## पूर्वाधार विकास तर्फः

- पूर्वाधार विकास शाखा तर्फ हालसम्म ५० वटा खानेपानी मर्मत, ५९ वटा खानेपानी RVT तथा Intake (इन्टेक) योजना निर्माण सम्पन्न गरिएको छ ।

- यस अवधिमा ९६ वटा मन्दिर, ११० वटा सामुदायिक भवन, १४ वटा शौचालय, ११ वटा चौतारो, ६ वटा प्रतिक्षालय, २ वटा डम्पिङ साइट तथा ३ वटा खेल मैदान निर्माण सम्पन्न भएका छन् ।
- यातायात तथा पदमार्ग पूर्वाधारतर्फ ५८ कि.मि. नयाँ सडक ट्र्याक निर्माण भएकोमा १२ कि.मि. कालोपत्रे, ६० कि.मि. ग्राभेल, ६ कि.मि. ढलान तथा ३ कि.मि. गोरेटो बाटो निर्माण गरिएको छ ।
- ३५ कि.मि. सडक स्तरोन्नति (चौडाइ विस्तार), १३,००० मिटर सिँढी बाटो, ४५०० मिटर सिँचाइ कुलो तथा १२ किलोमिटर HDPE पाइप जडान कार्य सम्पन्न गरी १५ शैया आधारभुत अस्पताल निर्माण कार्यको अन्तिम चरणमा रहेको छ जुन आर्थिक बर्ष २०८३/०८४ सम्पन्न भई हस्तान्तरण हुने भएको छ ।

## शिक्षा युवा तथा खेलकुद तर्फ:

- गाउँ शिक्षा ऐन स्वीकृत भई कार्यान्वयनमा आएको, जसले स्थानीय शिक्षा व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाएको ।
- प्रत्येक वर्ष पालिकास्तरीय शैक्षिक कार्ययोजना, शैक्षिक योजना तथा पाठ्यांश निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन भएको ।
- कक्षा १—५ तथा ६—८ का लागि स्थानीय पाठ्यक्रम निर्माण सम्पन्न भई स्थानीय पाठ्यपुस्तक छपाइको अन्तिम चरणमा रहेको ।
- शैक्षिक सत्र २०८२ को SEE परिक्षामा जिल्ला भरीका १३ वटै स्थानीय तहहरु मध्य सर्वोउत्कृस्ट नतिजा हासिल गरी शैक्षिक स्तरउन्नती तर्फ उन्मुख रहेको ।
- शैक्षिक अध्ययन कार्यदल गठन गरी विद्यालयहरूको यथार्थ अवस्था अध्ययन, मूल्याङ्कन तथा "जहाँ विद्यार्थी त्यहाँ शिक्षक" भन्ने मान्यताअनुसार विद्यालय समायोजन र दरबन्दी मिलान कार्य सम्पन्न भएको ।
- माध्यमिक तह (कक्षा ११—१२) मा निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि कार्यान्वयन गरी विद्यार्थी मूल्याङ्कन अभिलेख पुस्तिका, शिक्षक डायरी, दैनिक पाठयोजना पुस्तिका लगायतका शैक्षिक सामग्री समयमै उपलब्ध गराइएको ।
- प्रसूति बिदामा रहेका शिक्षकको सट्टा शिक्षक व्यवस्थापन गरी पठनपाठनलाई निरन्तरता दिइएको।

❖ सबै माध्यमिक विद्यालयमा पुस्तकालय,विज्ञान प्रयोगशाला स्थापना गरि विद्यालयहरूमा ई-हाजिरी प्रणाली लागू गरी पालिकाबाट एकीकृत अनुगमन तथा नियमनको व्यवस्था भएको ।

❖ "गाउँपालिका अध्यक्षसँग विद्यार्थी र अभिभावक" जस्ता अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरी सुझाव सङ्कलन तथा शिक्षा सुधारमा सहभागिता अभिवृद्धि गरिएको ।

❖ अभिभावकको सुझाव, शिक्षा सुधारमा लाभ, आगामी नीति निर्माणमा प्रभाव भन्ने नारालाई आत्मसात गारी गाउँपालिका अध्यक्ष संग विद्यार्थीहरुको अविभावक अन्तरक्रिया कार्यक्रम मार्फत सल्लाह, सुझाव र मार्ग दर्शन प्राप्त गरियो ।

❖ गा.पा. अध्यक्ष संग पुरुष खुल्ला फुटबल प्रतियोगिता, पालिकास्तरीय विभिन्न खेलकुद प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्ड आयोजना गरी स्थानीय खेलाडीहरूको प्रतिभा पहिचान र प्रवर्द्धन गरिदै आएको ।

❖ शिक्षा संगै सृजाना प्रतिभा र नेत्रित्व विकास भन्ने मूल नारालाई आत्मसात गरी सिद्धलेक गाउँपालिका स्तरीय अन्तर विद्दालय वक्तित्वकला र हाजिरी जवाफ प्रतियोगिता संचालन गरियो ।

## स्वास्थ्य तर्फ:

❖ ५ शय्याको आधारभूत अस्पताल भवन निर्माण सम्पन्न गरी १५ शय्याको आधारभूत अस्पताल भवन निर्माण कार्य तिव्र रुपमा अगाडि बढिरहेको ।

❖ नलाङ स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा सञ्चालन गरी गर्भवती महिलाहरूलाई निःशुल्क परीक्षण सेवा प्रदान ।

❖ विद्यालयहरूमा प्राथमिक स्वास्थ्य परीक्षण तथा औषधोपचार कार्यक्रम सञ्चालन गरि सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्राथमिक उपचारमा सहजताको लागि स्वास्थ्य सामग्री सहित (किट) वितरण ।

❖ गाँउपालिका अध्यक्ष संग ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम संचालन गरी विभिन्न संघ संस्थासँग समन्वय गरी विशेषज्ञ चिकित्सक सहित स्वास्थ्य शिविर सञ्चालन ।

❖ ओझेलमा परेका ज्येष्ठ नागरिकहरूका घरदैलोमा स्वास्थ्य सेवा प्रदान गरी दिर्घकालिन रुपमा खानुपर्ने औषधीहरु निःशुल्क वितरण ।

❖ सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीहरूको क्षमता विकासका लागि अन्तरप्रदेश अध्ययन अवलोकन भ्रमण ।

❖ आधारभुत स्वास्थ्य सेवा केन्द्र वडा नं. ४ आरुवावास र सलाङघाटको स्वास्थ्य संस्था स्तरोउन्नती गरी वडा नं. ७ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भाल्डाडा भवन निर्माण कार्य अगाडि बढाइएको ।

## कृषि विकास तर्फः

- ❖ कृषि विकास तर्फ हाल सम्म उन्नत तथा व्यावसायिक कृषि प्रवर्द्धनका लागि ५००० (पाँच हजार) भन्दा बढी G9 केराका बिरुवा, ८००० (आठ हजार) कफी, १५०० (पन्ध्र हजार) ड्रागन फ्रुट, २००० (दुई हजार) एभोकाडो, २००० (दुई हजार) लिची तथा ६६६६ (छ हजार छ सय छैसट्ठी) कागतीका बिरुवा वितरण भएको ।
- ❖ त्यसैगरी विभिन्न आर्थिक वर्षमा खाद्यान्न तथा तरकारी बालीका उन्नत तथा हाईब्रिड बिउ (जस्तै लसुन, बेसार, आलु, गोलभेडा, प्याज) वितरण गरिएको
- ❖ जडीबुटी तथा रैथाने बाली प्रवर्द्धन, साना सिंचाइ तथा प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम
- ❖ कृषकको उत्पादन वृद्धि तथा आधुनिकीकरणका लागि कृषि औजारः स्प्रेयर, मिनी टिलर, थ्रेसर, राइस मिल, कर्न सेलर, मौरी घार, डिजिटल काँटा, खाडल खन्ने मेसिन, बाँदर धपाउने मेसिन, ट्र्याक्टर तथा Hand/Jab Planter लगायतका कृषि सामग्री वितरण गरिएको ।
- ❖ साथै कृषि यान्त्रीकरण, बाली संरक्षण, कृषि तथा पशुपन्छी बिमा, पोस्ट हार्भेष्ट व्यवस्थापन, जैविक विषादी, बायोचार, मौरीपालन, च्याउ खेती सम्बन्धी तालिम तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन भई आएको छ ।
- ❖ चिस्यान केन्द्र स्तरोन्नति, प्लास्टिक पोखरी, पक्की तथा बाँसका प्लास्टिक टनेल निर्माण, सामुदायिक विद्यालयमा करेसाबारी स्थापना तथा मकैमा फौजी किरा व्यवस्थापन जस्ता कार्यक्रम मार्फत कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि र किसानको आयआर्जनमा महत्वपूर्ण योगदान पुर्याइएको छ ।
- ❖ किसान सूचीकरण कार्यक्रम मार्फत आगामी आर्थिक वर्ष भित्र सात वटै वडाका कृषक परिवारलाई राष्ट्रिय प्रणालीमा आवद्ध गराईने छ ।

## पशु सेवा तर्फः

- पशुपालन व्यवसायलाई व्यावसायिक तथा आयआर्जनमुखी बनाउन बाखापालन, भैंसी प्रवर्द्धन, पाडापाडी प्रवर्द्धन, घाँस खेती, पकेट विकास, भकारो सुधार, दूध उत्पादन तथा संकलन केन्द्र सहयोग लगायतका कार्यक्रम सञ्चालन गरी सयौं किसानलाई प्रत्यक्ष लाभान्वित गरिएको छ ।
- हालसम्म पशुपालन क्षेत्रमा रु. २ करोड भन्दा बढी बजेट परिचालन गरिदा, यस अवधिमा १२० भन्दा बढी किसानले विभिन्न अनुदान कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गरेका छन् भने उत्पादनमा आधारित दूध प्रोत्साहन अनुदानबाट १,१५० भन्दा बढी दुग्ध उत्पादक किसान लाभान्वित भएका छन् ।
- पशु स्वास्थ्य सेवा विस्तार गर्दै २९ हजार भन्दा बढी पशुपन्छीको उपचार, १६ हजार भन्दा बढी पशुपन्छीमा खोप सेवा, १५५ वटा कृत्रिम गर्भाधान सेवा तथा सयौं पशुपालक किसानलाई प्राविधिक परामर्श सेवा दिईदै आएको छ ।
- आधारभूत भेटेरिनरी प्रयोगशाला स्थापनाका साथै औषधि तथा ल्याब व्यवस्थापनलाई सुदृढ गरी स्थानीय स्तरमै गुणस्तरीय पशु स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।
- चालु आर्थिक वर्ष २०८२/८३ मा दूध प्रोत्साहन अनुदान, गाईभैंसी तथा पाडा प्रवर्द्धन, च्याफ कटर वितरण, पशुपालक किसान सम्मान, कृत्रिम गर्भाधान तथा महामारी रोग नियन्त्रण कार्यक्रम सञ्चालन गरी पशुपालन क्षेत्रलाई उत्पादनमुखी, व्यवसायिक र आत्मनिर्भर बनाउने अभियानलाई निरन्तरता दिइएको छ ।

## महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फः

- आ.व २०७९/०८० देखी आ.व २०८१/०८२ सम्म गाउँपालिकाले बाबुआमा विहिन भएका ३ जना बालबालिकालाई बागमती प्रदेश सरकारको सहयोगमा मासिक २ हजार छात्रबृति प्रदान गर्ने व्यवस्था मिलाईएको ।
- अपाङ्गता भएका व्यक्तिको लागि विउपूजी वितरण तथा जीवन निर्वाहको लागि आयआर्जन तालिम आमा समूह, एकल महिलाहरुको लागि सिप विकास तालिम तथा प्रविधि हस्तानान्तरण साथै, अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक सहायता सामाग्री वितरण गर्दै आएको ।
- जेष्ठ नागरिक सम्मान, लैङ्गिक हिंसा विरुद्धको अभियान र बालबिवाह अन्त्य गर्नको लागि सचेतनामूलक कार्यक्रम संचालन गरिएको ।

- स्थानीय युवाहरूलाई रोजगार तथा स्वरोजगारका अवसरहरूसँग जोड्नका लागि व्यावसायिक सवारी चालक सीप विकास तालिम सञ्चालन गरिएको।
- आ. व. २०७९ ८० बाट २०८२ ८३ सम्ममा क,ख, ग र घ गरि जम्मा ६२ वटा अपाङ्गता परिचयपत्र, ७७ वटा ज्येष्ठ नागरिक परिचयपत्र जारी गरिएको ।

## रोजगार सेवा केन्द्र:

- सिद्धलेक गाउँपालिकाको रोजगार सेवा केन्द्र मार्फत विगत चार आर्थिक वर्षमा बेरोजगार व्यक्तिहरूको सूचीकृत गर्ने, रोजगारीका अवसर सिर्जना गर्ने तथा श्रममा आधारित आयोजना मार्फत स्थानीय नागरिकलाई रोजगारी प्रदान गर्ने कार्य निरन्तर रूपमा सञ्चालन गरिदै आएको छ ।
- यस अवधिमा कुल **१,६०७ जना बेरोजगार व्यक्ति सूचीकृत** भएका छन् भने **२५२ जनालाई प्रत्यक्ष रोजगारीमा संलग्न गराइएको** छ ।
- साथै आ.व. २०७९/०८० देखि २०८१/०८२ सम्म **१७,०४६ दिन रोजगारी सिर्जना** गरिएको छ ।
- **सुरक्षित आप्रावासन सामी कार्यक्रम (sami)** अन्तर्गत २१ जना (११जना पुरुष र १० जना महिला) मानसिक समस्यामा परेकाहरुलाई मनोसामाजिक परामर्श सेवा दिईदै आएको छ ।

## लघु उद्यम विकास तर्फ

- वडा न ५ मा सहभागितामुलक ग्रामिण लेखाजोखा कार्यक्रम, उद्यमशिलता विकास तालिम, सिलाई कटाई तालिम, घरेलु सरसफाई सम्बन्धी सिप बिकास तालिम संचालन ।
- त्यस्तै, वडा न ३ मा भएको उद्यमशिलता र अचार बनाउने सम्बन्धी सीप बिकास तालिम बाट २५ जना लाभान्वित भएका ।
- वडा न ५ र ६ मा गृहिणी महिला सशक्तिकरण अन्तर्गत उद्यमशिलता विकास र मैन बत्ति बनाउने सीप बिकास तालिम ,उद्यमशिलता विकास तथा व्यावसायिक तरकारी वडा नं ७ मा उद्यमशिलता विकास तथा सामुहिक अदुवा, वेसार खेती तालिम संचालन ।

- वडा नं १ मा उद्यमशिलता र डल कुसन सम्बन्धी सिप विकास तालिम र १५ जनाको समुहमा साझा सुबिधा भवन केन्द्र निर्माण भएको ।
- बागमती प्रदेश सरकारको सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत हस्तान्तरित गरिबी निवारणका लागि चेपाङ, दलित तथा वञ्चितिकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन कार्यक्रम अन्तर्गत लाभग्राही समुह पहिचान संगै समुहहरु गठन गरी जम्मा ६३ जना दलित कृषकहरुलाई व्यवसायिक बाख्रापालन तालिम दिई बिउ पुँजी वापत उन्नत जातका पाठी सहयोग साथै, १३ जना दलित कृषकहरुलाई व्यवसायिक तरकारी खेती तालिम दिई बिउ पुँजी वापत टनेल प्लास्टिक, गोलभेडा बिउ, चिपचिपे पासो, जैविक विषादीहरु सहयोग गरियो ।

## सूचना प्रविधी तर्फ:

- गाउँपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र प्रभावकारी बनाउन ई–हाजिरी प्रणाली, अनलाइन राजश्व प्रणाली, डिजिटल नागरिक वडापत्र तथा विभिन्न सफ्टवेयर प्रणाली कार्यान्वयन गरी प्रशासनिक कार्यलाई थप व्यवस्थित बनाइएको ।
- गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था तथा शैक्षिक संस्थाहरूमा इन्टरनेट सेवाको पहुँच विस्तार गरी डिजिटल सेवाको पहुँच सुनिश्चित गरिएको । साथै स्वास्थ्य संस्थाहरूमा अनलाइन रिपोर्टिङ तथा सूचना आदान प्रदान प्रणालीलाई सुदृढ बनाइएको ।
- पालिकाको मुख्य बजार क्षेत्र तथा राजमार्ग आसपासका स्थानहरूमा सडक बत्ती जडान तथा विभिन्न सार्वजनिक स्थानहरूमा CCTV क्यामेरा जडान गरी सुरक्षा, निगरानी तथा सार्वजनिक सेवाको गुणस्तर अभिवृद्धि गरिएको ।
- गाउँपालिकाको विस्तृत **भिलेज प्रोफाइल** तयार गरी सामाजिक, आर्थिक, भौगोलिक तथा पूर्वाधार सम्बन्धी तथ्यांकहरू व्यवस्थित रूपमा अभिलेखीकरण गरिएको ।
- सूचना प्रविधिमैत्री स्थानीय शासन प्रणाली विकासका कार्यक्रमहरू सञ्चालन गरी सुशासन तथा प्रभावकारी सेवा प्रवाहलाई थप सुदृढ बनाइएको ।

## पन्जिकरण तर्फ:

- सिद्धलेक गाउँपालिकाको आ.व. २०७९/८० देखि हालसम्म जम्मा १३,५६७ (तेह्र हजार पाँच सय सडसठ्ठी) जना लक्षित वर्ग (ज्येष्ठ नागरिक, ज्येष्ठ नागरिक दलित, ज्येष्ठ नागरिक एकल महिला,

विधवा, पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्गता, दलित बालबालिका) हरुलाई सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।

## न्यायिक समिति तर्फ:

- हाल सम्म ४० वटा विवाद दर्ता भई ३७ वटा फछ्र्यौट भएको ।
- गाउँपालिका भित्रका ३५ जनालाई सामुदायिक मेलमिलाप सम्बन्धी ४८ घण्टे तालिम प्रदान गरिएको ।
- प्रत्येक वडामा वडा मेलमिलाप केन्द्र गठन गरी सामुदायिक मेलमिलाप सम्बन्धी ४८ घण्टे तालिम लिएका ३२ जनालाई मेलमिलापकर्तामा सूचीकृत गरिएको ।
- पालिका भित्रका १६९ जना अगुवा व्यक्तिहरु, आमा/महिला समुह शिक्षक विद्दालय व्यवस्थापन समितिका प्रतिनिधि, सहकारीका प्रतिनिधि, स्थानीय क्लबका प्रतिनिधि, सामुदायिक वन समुहका प्रतिनिधि तथा ग्रामिण महिला स्वयंसेविका हरुलाई कानूनी सचेतना शिक्षा प्रदान गरिदै आएको ।
- उपाध्यक्ष सँग समन्यायिक विकास कार्यक्रम अन्तर्गत २०८२ र २०८३ मा गाउँपालिका भित्रका अल्पसंख्यक, दलित, एकल महिला, सिमान्तकृत लगायत २१३ जनाले कानूनी सचेतना कार्यक्रम मार्फत कानूनी शिक्षा प्राप्त गरेको ।
- अन्तरपालिका न्यायिक समिति अनुभव आदान प्रदान तथा अवलोकन भ्रमण अन्तर्गत गोरखा जिल्लाको पालुङटार नगरपालिकाको अवलोकन भ्रमण गरिएको ।

## आन्तरिक राजस्व आम्दानी तर्फ

- आर्थिक वर्ष २०७९/०८० मा गाउँपालिकाले रु. **१ करोड ७७ लाख १५ हजार** ७४२ आन्तरिक राजस्व संकलन भई आर्थिक वर्ष २०८०/०८१ मा राजस्व संकलन बढेर रु. **१ करोड ९८ लाख ३२ हजार ५३५** पुगेको ।
- आर्थिक वर्ष २०८१/०८२ मा उल्लेखनीय वृद्धि भई रु. **३ करोड २३ लाख ६० हजार ८७७** आन्तरिक राजस्व संकलन भएको ।
- आर्थिक वर्ष २०८२/०८३ को **जेठ मसान्त सम्म** रु. **१ करोड ८९ लाख ५६ हजार ७१४** राजस्व संकलन भइसकेको छ ।
- यस अवधिमा गाउँपालिकाले कुल रु. **८ करोड ८८ लाख ६५ हजार ८६८** आन्तरिक राजस्व संकलन गरेको छ, जसले गाउँपालिकाको वित्तीय आत्मनिर्भरता तर्फ सकारात्मक प्रगति हासिल गर्दै गएको देखिन्छ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्वान्त तथा नीतिहरु, संघीय एवं प्रादेशिक नीति, दिगो विकास लक्ष्य, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, विषयगत समितिहरुको राय, आम गाउँपालिकावासीहरुको सुझावलाई आधार मानी उनीहरुको सर्वोत्तम हीत प्रवर्धन गर्ने, प्रशासनलाई विकासमैत्री वनाउने, सेवा प्रावह र सुशासन प्रवर्धन गर्ने र फजुल खर्च कटौती गर्ने जस्ता मान्यताबाट निर्देशित भई प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा यस गरीमामय सभालाई जानकारी गराउन चाहन्छु ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**
अव म विषयगत क्षेत्र अनुसारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नेछु ।
**उपस्थित महानुभावहरु,**

## नीति तथा कार्यक्रम

### पूर्वाधार विकास तर्फ :

- ✓ गाउँपालिकाभित्र सञ्चालन हुने पूर्वाधार विकासका योजना तथा कार्यक्रमहरूलाई दिगो विकास लक्ष्य, जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणका सिद्धान्तअनुसार कार्यान्वयन गरिनेछ ।
- ✓ स्थानीय स्रोत, सीप, श्रम र प्रविधिको अधिकतम उपयोग हुने तथा उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजनाहरूलाई प्राथमिकता दिइनेछ ।
- ✓ विकास निर्माणमा समुदायको अपनत्व र सहभागिता अभिवृद्धि गर्न लागत साझेदारी (PCP Model) कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। बढी साझेदारी गर्ने समुदायलाई प्राथमिकताका आधारमा योजना उपलब्ध गराइनेछ ।
- ✓ उपभोक्ता समिति, टोल विकास संस्था तथा सामुदायिक संस्थाहरूको क्षमता अभिवृद्धिका लागि अभिमुखीकरण तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ पालिका गौरवका आयोजना तथा वडा गौरवका आयोजनाहरूलाई क्रमागत रूपमा कार्यान्वयन गर्दै आवश्यक बजेट सुनिश्चित गरिनेछ ।
- ✓ गाउँपालिकाभित्रका रणनीतिक तथा मुख्य सडकहरूको स्तरोन्नति, कालोपत्रे तथा ढल निकास व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।
- ✓ सबै वडाहरूलाई बाह्रै महिना यातायात सञ्चालनयोग्य बनाउने लक्ष्यसहित सडक मर्मत, पुल, कल्भर्ट तथा तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

- ✓ सार्वजनिक संरचनाहरूको संरक्षण तथा दीर्घकालीन उपयोग सुनिश्चित गर्न मर्मत—सम्भार कोषलाई थप सुदृढ बनाई नियमित मर्मत प्रणाली विकास गरिनेछ ।
- ✓ राष्ट्रिय रोजगार कार्यक्रम तथा अन्य रोजगारीमूलक कार्यक्रमसँग समन्वय गरी साझेदारीमा बजेट बिनियोजन गरी स्थानीय श्रमिकलाई विकास निर्माण कार्यमा प्राथमिकता दिइनेछ ।
- ✓ “हाम्रो सडक, हाम्रै सुरक्षा” कार्यक्रमलाई निरन्तरता दिँदै सडक हेरचाह तथा नियमित अनुगमन प्रणाली विकास गरिनेछ ।
- ✓ विकास निर्माण कार्यमा अनुगमन प्रणाली लागू गरी पारदर्शिता, गुणस्तर र उत्तरदायित्व अभिवृद्धि गरिनेछ ।
- ✓ जनताको सहजताको लागी एक द्धार प्रणाली लागु गरिनेछ ।
- ✓ दशैं बाटो मर्मत तथा सरसफाई को लागी टोल स्तरीय आवश्यक बजेट बिनियोजन गरी कार्यन्वयनमा ल्याइने छ ।
- ✓ एक टोल एक उपभोक्ता समिति गठन गरी उक्त समिति दर्ता गरी क्षमता अभिवृद्धि कार्यक्रम साथै योजना को प्रक्रिया अगाडि बढाइनेछ ।
- ✓ विपद् जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी पहिरो नियन्त्रण, नदी कटान नियन्त्रण तथा सुरक्षित बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ खानेपानी, सिँचाइ, कृषि सडक, सामुदायिक भवन तथा सार्वजनिक सम्पत्तिहरूको संरक्षण र उपयोगलाई व्यवस्थित गरिनेछ ।
- ✓ विकास निर्माण कार्यमा वातावरण संरक्षण, हरित पूर्वाधार तथा ऊर्जा दक्ष प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- ✓ योजनाहरुको लागी बजेट सुनिश्चितता भएपछि मात्र लागत अनुमान बनाई प्रक्रिया अगाडि बढाइनेछ ।
- ✓ उपभोक्ता समिति तथा निर्माण व्यवसायीद्धारा संचालित योजनाहरुको गूणस्तर कायम गर्नको लागि गाउँपालिकामा ल्याब स्थापना गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरू,**

**खानेपानी तथा सरसफाई तर्फ:**

- ✓ गाउँपालिकाभित्रका टोल विकास संस्थाहरूमार्फत “आफ्नो घर र टोल आफैं सफा राखौं, सफा टोल—सफा गाउँ, ग्रीन सिद्धलेक—क्लिन सिद्धलेक” अभियानलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।
- ✓ “एक घर, एक धारा” अभियानलाई निरन्तरता दिँदै सुरक्षित तथा गुणस्तरीय खानेपानी सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

- ✓ कुम्पुर भञ्ज्याङ खानेपानी योजना तथा आदमटार—पिपलटार बृहत् खानेपानी योजनाका निर्माणाधीन कार्यहरूलाई तीव्र रूपमा अगाडि बढाइनेछ ।
- ✓ खानेपानी अभाव भएका बस्तीहरूमा लिफ्ट खानेपानी, वर्षा पानी संकलन तथा वैकल्पिक खानेपानी प्रणालीको विकास गरिनेछ ।
- ✓ डिप बोरिङ तथा अन्य खानेपानी संरचनाहरूको नियमित मर्मत—सम्भार तथा पुनःस्थापना कार्यलाई प्राथमिकता दिइनेछ ।
- ✓ पानीका मुहानहरूको संरक्षण, पुनर्भरण तथा जलाधार क्षेत्र व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। साथै ऐतिहासिक पँधेरा, धारा तथा परम्परागत जलस्रोतहरूको संरक्षण र पुनर्जीवनमा विशेष जोड दिइनेछ ।
- ✓ "एक वडा, एक व्यवस्थित फोहोर व्यवस्थापन केन्द्र" अवधारणाअनुसार फोहोर व्यवस्थापन पूर्वाधार विकास गरिनेछ ।
- ✓ फोहोरमैला व्यवस्थापनमा स्रोतमै वर्गीकरण, पुनःप्रयोग तथा पुनर्चक्रण प्रणालीलाई प्रोत्साहन गरिनेछ।
- ✓ वातावरणीय प्रभाव न्यूनीकरणका लागि अन्तरपालिका समन्वयलाई सुदृढ गर्दै गाउँपालिकाको वातावरणमा नकारात्मक असर पार्ने गतिविधि नियन्त्रणका लागि आवश्यक पहल गरिनेछ ।
- ✓ खुला स्थान, सार्वजनिक क्षेत्र तथा जलस्रोत प्रदूषण गर्ने कार्यलाई निरुत्साहित गर्दै प्रचलित कानुनबमोजिम कारबाही गरिनेछ ।

आदरणीय सभा सदस्य ज्यूहरू,

**पर्यटन तर्फः**

- ✓ गाउँपालिकाका सबै वडाहरूमा पर्यटन सम्भाव्यता अध्ययनलाई पूर्णता दिई "एक वडा, एक पर्यटकीय गन्तव्य" कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- ✓ सिद्धबाबा मन्दिर, ढेवालेक, कुम्पुर टावर, बागबच्छला मन्दिर, लेकडाँडा, वुडोसिमल, नागरपोखरी, चारधाम, परेवाटार, साततले गुफा, सलाङकोट, वलमडाँडा, बेनिदोभान त्रिवेणीधाम, बैरेनी चौर, नलाङकोट, भैंसे होमस्टे तथा बलदेवी मन्दिरलगायतका पर्यटकीय क्षेत्रहरूको संरक्षण, पूर्वाधार विकास, सौन्दर्यीकरण तथा प्रचार—प्रसार गरिनेछ ।
- ✓ ढेवालेक क्षेत्रमा पाइने दुर्लभ काँडे भ्याकुर प्रजातिको संरक्षण तथा अध्ययनका लागि सम्बन्धित निकायसँग सहकार्य गरिनेछ र उक्त क्षेत्रलाई वन पर्यटन केन्द्रका रूपमा विकास गरिनेछ ।
- ✓ गाउँपालिकाका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरू समेटिएको डिजिटल तथा मुद्रित पर्यटन नक्सा प्रकाशन गरिनेछ ।

- ✓ स्थानीय संस्कृति, कला, परम्परा, कृषि तथा होमस्टे पर्यटनलाई प्रवर्द्धन गरी स्थानीय आयआर्जन र रोजगारी अभिवृद्धि गरिनेछ ।
- ✓ पर्यटकीय क्षेत्रहरूमा आवश्यक पहुँच मार्ग, विश्रामस्थल, सूचना बोर्ड तथा आधारभूत पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**सिँचाइ तर्फ:**

- ✓ खेतीयोग्य जमिनमा वर्षैभरि सिँचाइ सुविधा विस्तार गर्न साना, मझौला तथा ठूला सिँचाइ आयोजनाहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ ।
- ✓ कृषि उत्पादनका पकेट क्षेत्रहरूमा आधुनिक तथा जलवायु अनुकूल सिँचाइ प्रविधि विस्तार गरिनेछ ।
- ✓ पिपलटार, आदमटार , अमनटार,फिस्फिसेटार ,आरुबासटार ,आपँटार ,मझुवाटार हरुमा लिफ्ट सिँचाइ प्रयोजना अगाडि बढाइनेछ ।
- ✓ थोपलखोला, च्याँडुखोला, त्रिशूली तथा बुढीगण्डकी नदीबाट उच्च प्रविधिमार्फत पानी लिफ्ट गरी सम्भावित कृषियोग्य क्षेत्रहरूमा सिँचाइ विस्तारका लागि विस्तृत सम्भाव्यता अध्ययन तथा आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
- ✓ साना तथा मझौला सिँचाइ कुलोहरूको बाँध निर्माण, मर्मत तथा संरक्षण गरी सिँचाइ स्रोतको दिगोपना सुनिश्चित गरिनेछ ।
- ✓ पानीको दक्ष उपयोगका लागि थोपा सिँचाइ, स्प्रिंकलर सिँचाइ लगायत आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरू,**

**घर नक्सापास सम्बन्धी नीति तथा कार्यक्रम:**

- ✓ गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सबै नयाँ भवन तथा संरचनाहरूको नक्सापास तथा पूर्वस्वीकृति प्रक्रियालाई थप प्रभावकारी बनाइनेछ ।
- ✓ भवन निर्माणमा राष्ट्रिय भवन संहिता तथा भूकम्प प्रतिरोधी मापदण्डको पूर्ण पालना गराइनेछ ।
- ✓ घर नक्सापास स्वीकृत गर्दा वातावरण संरक्षणलाई प्रवर्द्धन गर्न प्रत्येक घरधनीले कम्तीमा दुई वटा बिरुवा रोप्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।
- ✓ सुरक्षित, व्यवस्थित तथा वातावरणमैत्री बस्ती विकासका लागि भू-उपयोग नीति तथा भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**रोजगार, सीप तथा उद्यमशीलता केन्द्र (राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम) तर्फ:**

- ✓ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत उत्पादन र उद्यमशीलतामार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीपविकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकिकरण सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ ।
- ✓ आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उद्यमशीलता प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।
- ✓ समग्र अर्थतन्त्रको विकासको लागि आय आर्जन, रोजगारी, राष्ट्रिय उत्पादन अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्न स्थानीय तहको रोजगार रणनीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।
- ✓ डिजिटल श्रम तथा रोजगार सेवा सम्बन्धी सरोकारवालाहरु सँग रणनीतिक सम्वाद तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- ✓ आन्तरिक रोजगार प्रवर्द्धन र श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि गरी श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गरिनेछ ।
- ✓ रोजगार, सीप तथा उद्यमशीलता केन्द्र मार्फत रोजगारमूलक सेवा, परामर्श तथा रेफरल सेवा प्रदान गरिनेछ ।
- ✓ वैदेशिक रोजगारीमा गएका कामदार तथा तिनका परिवारलाई वैदेशिक रोजगार बोर्ड सचिवालयबाट उपलब्ध गराउने सेवा/सुविधाहरु उपलब्ध गराउन सहजिकरण गरिनेछ ।
- ✓ रोजगार सेवा केन्द्रद्वारा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमूखिकरण तथा सूचना प्रवाह कार्यक्रम संचालन गरिनेछ ।

**रोजगार प्रवर्द्धन कार्यक्रम सामी** (Sami) **तर्फ:**

- ✓ वैदेशिक रोजगारीलाइ विप्रेषणको भरपर्दो माध्यमको रुपमा सम्मान गर्दै स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र गुणस्तरिय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा र रिटर्नी स्वयंसेवक परिचालन तथा बैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ । यी कार्यहरू संचालन गर्नको लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

## संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी नीति तथा रणनीति

- ✓ गाउँपालिकाबाट प्रदान गरिने सेवाहरूलाई थप प्रविधिमैत्री, छिटोछरितो, पारदर्शी तथा सेवाग्राहीमैत्री बनाउन डिजिटल सेवा प्रवाह प्रणाली लाई थप विस्तार गरिनेछ । कार्यसम्पादनमा आधारित व्यवस्थापनलाई प्रभावकारी बनाउँदै जनप्रतिनिधि तथा कर्मचारीहरूको उत्तरदायित्व र जवाफदेहितालाई थप सुदृढ गरिनेछ ।
- ✓ एकद्वार सेवा प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। सेवा प्रवाहसँग सम्बन्धित गुनासो, सुझाव तथा उजुरीहरूको तत्काल सम्बोधनका लागि नागरिक सहायता केन्द्र तथा निःशुल्क कल सेन्टरलाई थप सुदृढ बनाई प्रविधिमार्फत अनुगमन प्रणाली विकास गरिनेछ ।
- ✓ "जनतासँग अध्यक्ष" रेडियो कार्यक्रम तथा डिजिटल संवाद कार्यक्रमलाई निरन्तरता दिई नागरिकसँग प्रत्यक्ष संवाद, सुझाव संकलन तथा सार्वजनिक जवाफदेहिता अभिवृद्धि गरिनेछ ।
- ✓ वडा कार्यालयहरूको संस्थागत क्षमता विकास गरी अधिकांश प्रशासनिक सेवाहरू वडा स्तरमै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । वडा कार्यालय, विद्यालय तथा सहकारी संस्थाहरूमा सूचना व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।
- ✓ जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि वार्षिक क्षमता विकास योजना कार्यान्वयन गरिनेछ । अध्ययन, अनुसन्धान, अनुभव आदानप्रदान तथा नवीन अभ्यासहरूको प्रवर्द्धन गरिनेछ ।
- ✓ स्थानीय सरकार कार्यसम्पादन स्व-मूल्याङ्कन प्रणाली (LGPAAS) का सूचक तथा मापदण्डहरूमा निरन्तर सुधार गरी उच्च कार्यसम्पादन र उत्कृष्ट मूल्याङ्कन नतिजा प्राप्त गर्ने लक्ष्य लिइनेछ ।
- ✓ सेवाग्राही सन्तुष्टि सर्वेक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षणलाई नियमित गरी प्राप्त सुझावका आधारमा सेवा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ आर्थिक अनुशासन, वित्तीय पारदर्शिता तथा नतिजामुखी बजेट प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । बेरुजु न्यूनीकरण तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ ।
- ✓ अति विपन्न तथा जोखिमयुक्त परिवारका लागि सुरक्षित आवास कार्यक्रमलाई निरन्तरता दिँदै थप घरपरिवारलाई कार्यक्रममा समावेश गरिनेछ । आवास निर्माणमा संघ, प्रदेश तथा विकास साझेदारहरूसँग सहकार्य गरिनेछ ।
- ✓ "उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक" अभियानअन्तर्गत हरित विकास, जलवायु अनुकूलन, सरसफाइ, वृक्षारोपण तथा वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।
- ✓ गाउँपालिकाका प्राथमिकता प्राप्त पूर्वाधार तथा विकास आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी लगानी सुनिश्चित गर्दै चरणबद्ध कार्यान्वयन गरिनेछ ।
- ✓ सार्वजनिक तथा ऐलानी जग्गाको संरक्षण, अभिलेखीकरण तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ । सार्वजनिक सम्पत्तिको अतिक्रमण नियन्त्रण तथा संरक्षणका लागि आवश्यक कानुनी तथा प्रशासनिक व्यवस्था गरिनेछ ।

- ✓ सुशासन, पारदर्शिता तथा भ्रष्टाचार नियन्त्रणका लागि शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सार्वजनिक उत्तरदायित्व अभिवृद्धी गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

## सूचना प्रविधि तथा सञ्चार नीति

- ✓ सिद्धलेक गाउँपालिकाले आफ्नै केन्द्रीय सर्वर स्थापना गरी पालिकामा रहेका सबै डाटा सुरक्षित रूपमा केन्द्रिय डाटाबेसमा भण्डारण गर्ने व्यवस्था मिलाइनेछ। साथै आवश्यक प्रणालीहरू गाउँपालिकाले नै विकास गरी होस्टिङ समेत आन्तरिक रूपमा सञ्चालन गर्ने नीति लिइनेछ।
- ✓ गाउँपालिकाका सबै ७ वटा वडा कार्यालयहरूमा इन्टरनेट तथा इन्ट्रानेट सेवा विस्तार गरी सेवा प्रवाहलाई छिटो, प्रभावकारी र डिजिटल बनाइनेछ।
- ✓ सार्वजनिक स्थानहरूमा CCTV क्यामेरा जडान तथा विस्तार गरी नागरिक सुरक्षामा सुधार ल्याउने र सार्वजनिक स्थानहरूको निगरानी प्रणाली प्रभावकारी बनाइनेछ ।
- ✓ गाउँपालिकाका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूको प्रयोगका लागि आवश्यक लैपटप तथा कम्प्युटर उपकरण खरिद तथा वितरण गरिनेछ।
- ✓ गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरूमा समेत CCTV क्यामेरा जडान गरी सम्पत्ति सुरक्षा, सेवा निगरानी तथा पारदर्शिता सुनिश्चित गरिनेछ। साथै कर्मचारीहरूलाई प्रविधिमैत्री बनाउँदै नियमित ICT तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- ✓ गाउँपालिकाको सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाउन विभिन्न डिजिटल प्रणाली तथा सफ्टवेयरहरूको विकास र कार्यान्वयन गरिनेछ। पुराना तथा परम्परागत प्रणालीहरूलाई क्रमशः आधुनिक सूचना प्रविधिमा रूपान्तरण गरिनेछ ।
- ✓ सबै सेवा क्रमशः अनलाइन प्रणाली मार्फत उपलब्ध गराइनेछ। नागरिक सेवा प्रवाहलाई डिजिटल बनाउँदै लागू गरिनेछ।
- ✓ नागरिकका गुनासो तथा सुझावहरू दर्ता, ट्र्याक र समाधान गर्न डिजिटल गुनासो व्यवस्थापन प्रणाली लागू गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

## लघू उद्‌यम विकास सम्बन्धि नीति

- ✓ लघु उद्यम विकास कार्यक्रममार्फत उद्यमशीलता विकास तथा विभिन्न सीपमूलक तालिम सञ्चालन गरी नयाँ उद्यमी सिर्जना, स्वरोजगार प्रवर्द्धन र जीविकोपार्जनमा सुधार गरिनेछ।
- ✓ स्थानीय स्रोत, साधन र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगहरूको स्थापना, विस्तार, आधुनिकीकरण तथा स्तरोन्नतिलाई प्रोत्साहन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ।
- ✓ लघु उद्यमीहरूद्वारा उत्पादित वस्तुहरू तथा मही, स्थानीय मदिरा लगायतका स्थानीय उत्पादनहरूको गुणस्तर अभिवृद्धि, ब्राण्डिङ, प्याकेजिङ, बजारीकरण तथा बजार पहुँच विस्तारका कार्यक्रम सञ्चालन गरी स्थानीय उत्पादनको व्यावसायीकरण तथा प्रवर्द्धन गरिनेछ।
- ✓ "**एक घर एक उद्यमी, एक वडा एक उत्पादन, एक वडा एक उद्योग**" अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै महिला, युवा तथा विपन्न वर्गलाई उद्यमशीलतासँग आबद्ध गराइनेछ।
- ✓ उद्योग तथा व्यवसाय दर्ता, नवीकरण, प्यान प्राप्ति लगायतका सेवाहरूलाई सरल, सहज, पारदर्शी तथा प्रविधिमैत्री बनाउँदै उद्यममैत्री वातावरण सिर्जना गरिनेछ।
- ✓ स्थानीय स्तरमा उत्पादित कोदोको मदिरालाई आवश्यक कानुनी मापदण्ड तथा गुणस्तर कायम गरी स्थानीय पहिचान झल्किने गरी ब्रान्डिङ, प्याकेजिङ तथा लेबलिङ गर्ने कार्यलाई प्रोत्साहन गर्ने र स्थानीय उत्पादनको प्रवर्द्धन तथा बजारीकरणमा सहजीकरण गर्ने ।
- ✓ स्थानीय स्तरमा उत्पादित दुग्धजन्य पदार्थहरू जस्तै दूध, दही, मही, घ्यू लगायतका उत्पादनहरूको गुणस्तर तथा स्वच्छता कायम गर्दै स्थानीय पहिचान झल्किने गरी ब्रान्डिङ, प्याकेजिङ तथा लेबलिङ गरी प्रवर्द्धन एवं बजारीकरण गर्न आवश्यक सहजीकरण गर्ने।

आदरणीय सभा सदस्य ज्यूहरु,

## शिक्षा युवा तथा खेलकुद तर्फ:

- ✓ समुदायिक विद्यालयहरुको यथार्थ विवरण विध्यार्थी संख्या भूगोल र शिक्षक विध्यार्थी अनुपातको आधारमा दरवन्दी मिलान र आवश्यकताको आधारमा विध्यालय समायोजन तथा कक्षा थप। घट गर्ने नीतिलाई निरन्तरता दिइने छ । यस कार्यले साधन स्रोतको छरपस्ट वितरणलाई न्यूनीकरण गरी विध्यालय शिक्षाको गुणात्मक सुधारमा सहयोग पुर्याउने मैले विश्वास लिएको छु ।
- ✓ विध्यालयमा शिक्षक दरवन्दी मिलान तथा सरुवा प्रणालीलाई थप व्यवस्थित गरी जहाँ विध्यार्थी त्यहाँ शिक्षक नीतिलाई निरन्तरता दिइने छ ।

- ✓ सिध्दलेक गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विध्यालयहरुले सञ्चालन गर्दै आएको बस संचालन कार्यलाई प्रभावकारी बनाउन र बस संचालन गर्दा विद्यालयहरुले बेहोर्दै आएको आर्थिकभारलाई कमगर्नको लागि विद्यालयहरुलाई अनुदान सहायता प्रदान गरिने छ ।
- ✓ विद्यालयको सुशासन र व्यवस्थापनलाई पारदर्शिता र जवाफदेहिता अभिवृद्दिका लागि विध्यालयमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र अन्तिम लेखापरिक्षणलाई वास्तविकतामा आधारित बनाईनेछ ।
- ✓ सामुदायिक विध्यालयहरुको शिक्षण पध्दति र विध्यार्थी मुल्याङ्कन विधिलाई प्रभावकारी बनाई सिकाई उपललब्धिमा गुणात्मक बृद्दिका लागि शिक्षकहरुलाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।
- ✓ हरेक सामुदायिक विध्यालयहरुको लागि मुल्याङ्कन फारमको व्यवस्था गरिने छ र निश्चित सूचकहरुको आधारमा विध्यालयहरुको स्तर निर्धारण गरिने छ । कमजोर स्तर भएका विध्यालयहरुको स्तर सुधारको लागि सुधारात्मक उपायहरुको अवलम्वन गरिने छ ।
- ✓ रमाइलो कक्षा गुणस्तरीय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि शिक्षकहरुको क्षमता तथा शिप विकासको लागि प्रविधि सम्वन्धि तालिम दिइनुका साथै विद्यालयहरुसंगको लागत साझेदारीमा प्रत्येक विद्यालयहरुलाई ल्यापटप खरिदमा अनुदानको व्यवस्था गरिने छ ।
- ✓ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारको लागि शैक्षिक गुणस्तर सुधार कार्यदल गठन गरी कार्यदल मार्फत सुधारत्मक कार्यक्रम लागुगरी विद्यालय तथा शिक्षकहरुको निरन्तर अनुगमन मुल्याङ्कन र नतिजा विष्लेषणगरी शैक्षिक गुणस्तरमा थपसुधार गरिनेछ ।
- ✓ विद्यालय दिवा खाजा कार्यक्रमलाई व्यवस्थित बनाई स्थानीय उत्पादनको उपभोगमा जोड दिइनेछ ।
- ✓ आधारभूत तह कक्षा १-८ को लागि स्थानीय पाठ्यक्रम र शिक्षक निर्देशिका पुस्तिका तयार भैसकेकोले यहि शैक्षिक शत्रबाट नै हाम्रो सिध्दलेक पाठ्यपुस्तक लागु गरिनेछ । पाठ्यपुस्कमा देखिएका कमजोरी तथा छुटेका विषयहरुलाई क्रमिकरुपमा सुधार गर्दै लगिनेछ ।
- ✓ सामुदायिक विध्यालयको कक्षा १-१२ को शिक्षालाई निःशुल्क बनाउन निशुल्क शिक्षा कार्यविधि २०८३ तयारगरी यसै शैक्षिक शत्रबाट लागूगरिने छ ।
- ✓ व्यावहारीक, जीवन उपयोगी शिक्षा प्राप्त गर्न पाउने वालवालिकाको नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा निरन्तर जोड दिईने छ ।
- ✓ आफ्ना बालबालिकालाई सामुदायिक विद्यालयमा पढाउने जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन गरिनेछ ।

- ✓ विद्यालय शिक्षालाई प्रविधिमैत्रि बनाउन आई.सि.टि. पूर्वाधारको स्थापना तथा शिक्षकहरुको क्षमता विकास तालिम संचालन गरिनेछ । कम्तिमा पनि एक विद्यालय एक ICT रुमको व्यवस्था गरिनेछ ।
- ✓ वालविकास कक्षालाई थप व्यवस्थित गरी आवश्यकता र औचित्यताको आधारमा दरवन्दी मिलान गरिने छ ।
- ✓ युवाहरुलाई खेलकुदमा आकर्षित गर्नका लागि आवश्यक पूर्वाधारको निर्माण तथा खेलकुद प्रतियोगिता संचालन/प्रोत्साहन गरिनेछ ।
- ✓ छात्राहरुको स्वास्थ्य सरसफाईलाई ध्यानमा राखि कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुलाई स्यानिटरी प्याडको व्यवस्था मिलाइने छ ।
- ✓ विध्यार्थीहरुको मानसिक स्वास्थ्य तन्दुरुस्त राख्न, आत्महत्या तथा आत्महत्या प्रयासलाई निरुत्साहन गर्न सामुदायिक विध्यालयमा मनोसामाजिक समस्या कारण र रोकथामक लागि चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- ✓ न्यूनतम पारिश्रमिक पनि नपाउने वालविकास केन्द्रका शिक्षक, विध्यालय कर्मचारी तथा विध्यालय सहयोगीको लागि यस अघि थपिएको मासिक पारिश्रमिकलाई निरन्तरता दिइनेछ ।
- ✓ एस.इ.ई दिएर बसेका विद्यार्थीहरुको सिप विकासलाई मध्यनजर गर्दै निशुल्क कमप्युटर सम्बन्धी सिप विकास तालिम दिईनेछ।
- ✓ गाउँपालिकाभित्र खेलकुदको विकास तथा खेलाडीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न खेल विधाका दक्ष खेलकुद प्रशिक्षक को व्यवस्था गरी नियमित प्रशिक्षण सञ्चालन गर्ने नीति लिइनेछ।

## स्वास्थ्य तथा पोषण नीति

- ✓ जनस्वास्थ्यमा लगानी वढाउनको लागि स्वास्थ्य क्षेत्रको वजेटलाई क्रमश बृद्धि गर्दै स्थानीय स्वास्थ्य प्रोफाईल निर्माण गरि "**सबै नीतिमा स्वास्थ्य (Health in All Policies)**" भन्ने मान्यतालाई अगाडि वढाउदै स्वास्थ्य लक्ष्य निर्धारण गरि योजना तर्जुमा, वजेट र कार्यक्रम तर्जुमा गरि आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, कम खर्चिलो गुणस्तरीय एवं भरपर्दो बनाउने नीति लिइनेछ ।
- ✓ स्थानीय स्वास्थ्य प्रणालीको विकास र सवलीकरणका लागि आधारभूत स्वास्थ्य सेवा, आयूर्वेद र वैकल्पिक चिकित्सा, मनोसामाजिक तथा निरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, प्रशामक र पूर्नस्थापनात्मक सेवालाई एकिकृत रुपमा संचालन गरिनेछ ।
- ✓ गाउँपालिकाबाट सञ्चालन गरिएका स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु, नागरिक आरोग्य सेवा केन्द्र,हरुको क्रमिक रुपमा स्तरोन्नती गरी सेवा सञ्चालन गरिनेछ ।खोप क्लिनिक

र गाउँघर क्लिनिकहरुलाई व्यवस्थित बनाइनेछ। निःशुल्क वितरण हुने सूचीका औषधीहरु सहज रुपमा वितरण गर्ने नीति रहनेछ ।

- ✓ गाउँपालिकामा महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाले गरेको योगदानको कदर गर्दै हाल पाईरहेको सेवासुविधामा समयानुकूल पुनरावलोकन गरी सेवालाई थप प्रोत्साहित गरिनेछ ।महिला सामूदायिक स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास तथा अन्य अवसरहरु प्रदान गरि सेवाको पहुँच र गुणस्तर वृद्धि गरिनेछ ।
- ✓ सवै नागरिकहरुलाई स्वास्थ्य वीमा कार्यक्रममा समावेश गराउनको नीति लिइनेछ । यसवर्ष ग वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क स्वास्थ्य वीमा गरिनेछ ।
- ✓ वढ्दै गएको नसर्ने रोगहरु तथा मानसिक रोगहरुको प्रभाव न्यूनीकरणका लागि स्वास्थ्य सचेतना, स्क्रिनिङ, निदान, उपचार तथा व्यवस्थापनको सहज पहुँच विस्तार तथा आवश्यकता अनुसारको पूर्नस्थापना सेवा प्रदान गर्न घरदैलोमा जनस्वास्थ्य सेवा निरन्तर संचालन गरिनेछ ।फागुन महिना नसर्ने रोग विरुद्दको सचेतना महिना साथै मे मिजरमेन्ट मन्थलाई विशेष रुपमा संचालन गरिनेछ । विशेष राहत कोष स्थापना गरी आवश्यक सहयोग तथा व्यवस्थापनमा जोड दिईनेछ ।
- ✓ विद्यालय स्वास्थ्य तथा पोषण शिक्षा,किशोर किशोरी प्रजनन् स्वास्थ्य,महिनावारी स्वच्छता व्यवस्थापन जस्ता कार्यक्रमहरुलाई विस्तार गरि थप प्रभावकारी वनाइनेछ । साथै विद्यालयमा संचालनमा रहेको **दिवा खाजालाई पोषणमैत्री बनाई अस्वस्थकर खाना निषेध अभियान** सञ्चालन गरिनेछ । टेलिमेडिसिन सेवा तथा ल्याव सेवालाई थप प्रभावकारी वनाई स्वास्थ्य संस्थालाई सूचना प्रविधि मैत्री (डिजिटलाईज) गर्नका लागि नविनतम् कार्यक्रम संचालन गरि पेपरलेस सेवा,साथै छिटो छरितो सेवा प्रदान गरि अभिलेख तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाइनेछ ।
- ✓ स्वास्थ्यकर्मीहरुको उत्प्रेरणाको लागि स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्य कर्मिहरुलाई नियमित फिल्ड कार्यक्रम खोप सेवा गाँउघर क्लिनिक सेवा कार्यक्रमको लागि खाजा तथा यातायात एवं रात्रीकालिन सेवाको लागि खाजा व्यवस्थापनको लागि आवश्यक न्यूनतम वजेट व्यवस्थापन गरिनेछ।
- ✓ गाउँपालिकामा निर्माणाधिन १५ शैयाँको अस्पताल निर्माण कार्यलाई तोकिएको समय सिमा भित्र सम्पन्न गर्नका लागि निर्माण प्रकृयालाई द्रुतगतिमा अगाडी बढाउनुका साथै निरन्तर प्रभावकारी अनुगमन गरिनेछ । अन्य स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासमा विशेष जोड दिइ सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी वनाइनेछ।
- ✓ निर्माण सम्पन्न भईसकेको ५ शैयाको आधारभुत अस्पताल वडा नं ३ सलाङमा प्रयोगशाला सहित चिकित्सकिय सेवा संञ्चालनमा ल्याईने छ ।
- ✓ पोषणमैत्री स्वास्थ्य संस्था र पोषणमैत्री स्थानीय तह वनाउनका लागि तोकिएका सूचकहरु पूरा गर्नका लागि आवश्यक कार्यहरु गरि घोषणाका लागि तयार गरिनेछ ।

- ✓ पूर्णखोप सुनिश्चितता र दीगोपनाको कार्यलाई निरन्तरता दिइ सबै वालवालिकाहरुलाई तोकिएको समय सीमाभित्र पूर्ण बनाउन घरधुरी सर्वेक्षणलाई प्रभावकारी वनाई गुणस्तरीय खोपसेवा संचालनलाई निरन्तरता दिइनेछ।
- ✓ कडा रोग लागेका भनी आधिकारीक चिकित्सकवाट प्रमाणित भएका विरामी मृगौला रोग, मुटु रोग, क्यान्सर, स्पाइनल कर्ड इन्जुरी भइ पारालाइसिस भएका साथै कडा मानसिक रोग भएका विरामीहरुको लागि उपचार सहयोगलाइ थप व्यवस्थित गरी स्वास्थ्य विमा कार्यक्रमसँग समायोजन गरि थप प्रभावकारी बनाइनेछ।
- ✓ प्रजनन् रुग्णता भएका महिलाहरुलाई विशेष उपचार तथा स्याहारको व्यवस्था मिलाईनेछ । पाठेघर खस्ने तथा अब्सट्रेटिक फिस्टुला भएकाहरुलाई निःशुल्क उपचार तथा सामाजिक पूर्नस्थापनाको व्यवस्था मिलाइनेछ । पाठेघरको मुखको क्यान्सर पत्ता लगाउनको लागि सबै स्वास्थ्य संस्थाहरुमा भि.आई.ए. जाँचको व्यवस्था मिलाईनेछ ।
- ✓ **"स्वस्थ नागरिकः घरमै स्वास्थ्य सेवा"** कार्यक्रम अन्तर्गत गाँउपालिका अध्यक्ष ज्यूसंग ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम, गर्भवती महिला, दीर्घरोग भएका, अपांगता भएका र स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका व्यक्तिलाई नियमित परीक्षण, परामर्श, र उपचार सहित घरमै औषधी सहित स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता गरिनेछ ।
- ✓ स्वस्थ आहार-विहार, पोषण, व्यायम लगायत स्वस्थ जीवनशैली अवलम्वन गर्न मेरो स्वास्थ्यः म स्वस्थ मेरो गाउँ स्वस्थ अभियान संचालन गरिनेछ । नसर्ने रोगको भार कम गर्नका लागि ३० वर्ष कटेका नागरिकहरुको अनिवार्य रुपमा हरेक ६ महिनामा वि.एम.आई, रक्तचाप, रगतमा चिनी र पिसावमा प्रोटिनको जाँच गर्ने व्यवस्था मिलाइनेछ।
- ✓ गर्भवती तथा सुत्केरीहरुलाई निःशुल्क एम्वुलेन्स सेवा, निःशुल्क प्रयोगशाला परिक्षण सहित उपाध्यक्षसंग सुत्केरी पोषण कार्यक्रम अन्तर्गत क्याल्सियम तथा फोलिक एसिड चक्की वितरण, उत्तर प्रसुती भेट, वृद्धि अनुगमनलाई प्रोत्साहनका लागि पालिका भित्रका संस्थागत सुत्केरी सेवा लिने महिलालाई रु ३०००।० प्रसुति हुने क्रममा जटिलता भई प्रेशण गरिएको महिलाहरुलाई एम्वुलेन्स खर्चको साथै रु २०००।० पोषण खर्च साथै पालिका भित्रका स्थाई वसोवास गर्ने नागरिक गर्भजाँच र सुत्केरी सेवा सुचिकृत भएका जुनसुकै सरकारी संस्थामा लिएका भएता पनि नियमानुसार उत्तर प्रसुति सेवा पालिका भित्रका नर्सिङ स्वास्थ्य कर्मिहरुवाट लिएको प्रमाणित भएमा पोषण खर्च वापत रु १०००।प्रति सुत्केरी प्रोत्साहन दिने कार्यक्रमलाई निरन्तर संचालन गरिनेछ ।
- ✓ गाउँपालिका स्वास्थ्य योजना तयार गरि सो को प्रभावकारी कार्यान्वयन गरिनेछ । अभिलेख तथा प्रतिवेदनलाई चुस्त वनाउन मासिक प्रगति समिक्षा, नियमित क्रस भेरीफिकेशन साथै (Routine Data Quality Assessment) लाई नियमित रुपमा संचालन गरिनेछ । जनस्वास्थ्य विश्लेषण (Public Health Analysis-PHA) गरि नविनतम् जनस्वास्थ्य कार्यक्रमहरु संचालन गरिनेछ । सबै स्वास्थ्य चौकीमा इ-हेल्थ रेकर्ड "Electronic Health Record" शुरु गरि Data Management" प्रभावकारी वनाइनेछ । सामाजिक परिक्षण

तथा अन्य सुशासन र व्यवस्थापनका गतिविधिहरु संचालन गरि सेवाग्राही मैत्री स्वास्थ्य सेवा बनाउदै लगिनेछ ।

- ✓ मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नारालाई पूर्ण बनाउन सामाजिक सचेतना तथा समुदाय परिचालन गरिनेछ ।नसर्ने रोगीहरुको प्रोफाईल तयार गरि भार कम गर्नका लागि नविनतम् कार्यक्रमहरु संचालन गरिनेछ ।योग अभ्यास तथा सकारात्मक जीवनशैलीको विकास गराउन साथै खानपानमा आमूल परिवर्तन ल्याउनका लागि विशेष अभियान संचालन गरिनेछ .
- ✓ मनोसामाजिक सहायता तथा परामर्श कक्ष स्थापना तथा संचालन गरि मनोसामाजिक स्वास्थ्य सेवालाई विद्यालयहरु तथा समुदाय स्तरमा समेत विस्तार गरिनेछ ।
- ✓ गाउँपालिकामा संचालनमा रहेको एक विद्यालय एक नर्स कार्यक्रम प्रभावकारी भएकोले सो को समयानुकुल सुधार साथै सवै माध्यमिक विद्यालयहरुमा विस्तारको लागि आवश्यक पहल, समन्वय र सहकार्य गरि थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- ✓ ८० वर्ष माथिका प्रत्येक जेष्ठ नागरिकहरु तथा पूर्ण अपाङता भएका नागरिकहरुको हरेक चौमासिकमा घरमा स्वास्थ्य परिक्षण निशुल्क औषधी साथै वडामा विशेषज्ञ स्वास्थ्य शिविर संचालनको लागि विभिन्न संघ/संस्था सँग समन्वय गरी सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- ✓ गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाले विरामीहरुलाई थप उपचारको लागि रिफर गर्दा विरामीहरुको सहजताको लागि थप उपचार हुने स्वास्थ्य संस्थासँग समन्वय गरी पठाउने व्यवस्था मिलाईनेछ ।
- ✓ नमुना आमा सुरक्षा कार्यक्रम, पोषणमैत्री स्वास्थ्य संस्था र स्थानीय तह निर्माण तथा सफा र स्वच्छ गाउँ घोषणा कार्यक्रमलाई विशेष महत्व दिई विभिन्न सहयोगी संघ संस्थाहरुसँग समन्वय, साझेदारी र सहकार्यमा कार्यक्रमहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा जोड दिइनेछ ।
- ✓ नमुना स्वस्थ पालिका बनाउनका तोकिएका सूचकहरु पूरा गर्नुपर्ने भएकाले सो प्राप्तिका लागि विकास साझेदार संस्थाहरुसँगको सहकार्य, समन्वय र सहजीकरण गरिनेछ ।
- ✓ पालिका भित्र संञ्चालित स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने गुणस्तरिय औजार उपकरण व्यवस्थापनको लागि आवश्यक वजेट व्यवस्थापन गरिने छ ।साथै स्वास्थ्य संस्था संञ्चालन तथा व्यवस्थापनको लागि प्रत्येक स्वास्थ्य संस्थाको सेवाको अभिलेखिकरण तथा कार्य संम्पादनको आधारमा स्वास्थ्य संस्था संञ्चालन खर्च अनुदान दिईने छ ।
- ✓ असाध्ये रोगका विरामीहरुलाई औषधी उपचार आर्थिक सहायता कार्यविधि २०८० लाई नागरिक मैत्री एवं पारदर्शिता तथा विरामीहरुको सहजताको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा औषधी उपचार आर्थिक सहायता सिफारिस समिति गठन गरि कार्यविधिको परिधिमा रहेर सहयोग भुक्तानीको व्यवस्था मिलाईले छ ।
- ✓ पालिका भित्र वसोवास गर्नु भएका नागरिक जुन परिवारमा दमको विरामी हुनुहुन्छ त्यस्ता प्रकृतिको विरामीको उपचार सेवालाई ध्यान दिएर गाउँपालिका कार्यालय वाट सवैभन्दा नजिकको अक्सिजन

सिलिन्डरको आधाकारिक विक्रेता संग वार्षिक रुपमा रु २०००००।० रकम धरौटी राखी पालिका भित्रका नागरिकहरु जहाँ अक्सिजनको आवश्यकता पर्छ वडा कार्यालय, स्वास्थ्य संस्था तथा गाँउ पालिकाको सिफारिसमा सम्झौता भएको डिपोवाट सिलिन्डरको धरौटी वाहेकका अन्य सामाग्री जस्तै रेगुलेटर साचो र ढुवानी खर्च सम्वन्धित विरामीको परिवारले व्यहोर्ने गरि अक्सिजन सिलिण्डर उपलब्ध गराइनेछ ।

- ✓ सिद्धलेक गाउँपालिकाका स्थायी बासिन्दाको परिवारमा जन्म भएका तथा गाउँपालिकाका स्थायी बासिन्दाको मृत्यु भएका व्यक्तिका सम्बन्धित परिवारलाई सामाजिक सुरक्षा तथा राहतस्वरूप वार्षिक रु. ५,००० उपलब्ध गराउने नीति लिइनेछ।
- ✓ दलित, सीमान्तकृत, अपाङ्गता भएका, अति विपन्न तथा आमाबाबुविहीन नागरिकलाई सामुदायिक अस्पतालसँगको साझेदारीमा स्वास्थ्य उपचार सेवा उपलब्ध गराउने नीति लिइनेछ।

**आदरणीय सदस्य ज्यूहरु,**

## कृषि तथा पशु विकास तर्फः

- ✓ कृषकहरूलाई राज्यबाट प्रदान गरिने सेवा, सुविधा र अनुदान प्रणालीलाई पारदर्शी एवं लक्षित वर्गमुखी बनाउन राष्ट्रिय प्रणालीमा आधारित 'किसान सूचीकरण कार्यक्रम' लाई यसै आर्थिक वर्ष भित्र थप वडा नं. १ र वडा नं. ५ मा विस्तार गरी सघन रूपमा सञ्चालन गरिनेछ।
- ✓ "संघीय सरकारको नीति तथा कार्यक्रम बमोजिम पालिकास्तरमा 'कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम' लाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ। यस कार्यक्रम मार्फत पालिका भित्रको समग्र कृषि, पशुपालन र मत्स्यपालन क्षेत्रको वास्तविक एवं वैज्ञानिक लब्धाङ्क (तथ्याङ्क) सङ्कलन गरी डिजिटल प्रविधिमा भण्डारण गरिनेछ।
- ✓ माटोको पोषणस्तरका आधारमा वैज्ञानिक खेती प्रणालीलाई प्रवर्द्धन गर्न स्थानीय तहमा व्यापक रूपमा 'माटो परीक्षण अभियान' सञ्चालन गरिनेछ। परीक्षण प्रतिवेदन (Soil Health Card) का आधारमा माटोको स्वास्थ्य सुधारका लागि कृषि चुन तथा जिप्सम सहयोग साथै उपयुक्त बाली छनोट र सन्तुलित मल व्यवस्थापनमा विशेष प्राविधिक एवं आर्थिक सहयोग उपलब्ध गराइनेछ।
- ✓ कृषि क्षेत्रको आधुनिकीकरण र यान्त्रिकीकरणका लागि कृषकहरूलाई आधुनिक कृषि औजार तथा उपकरणहरूमा सहुलियतपूर्ण अनुदानको व्यवस्था गरिनेछ।

- ✓ बेमौसमी तरकारी खेती प्रवर्द्धनका विशेष कार्यक्रमहरू मार्फत स्थानीय अर्थतन्त्रलाई आत्मनिर्भर बनाइनेछ। विभिन्न बस्तीहरूमा माटोको नमुना सङ्कलन, आधुनिक प्रविधि, उन्नत खेती, र माटो उपचार सम्बन्धी कृषकस्तरमा सघन तालिम एवं जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

- ✓ पालिका भित्रका रासायनिक तथा जैविक मल वितरक संस्थाहरूलाई थप क्रियाशील र व्यवस्थित बनाउन डिजिटल प्रणाली (आधुनिक प्रविधि) सँग आबद्ध गरिनेछ।

- ✓ हाम्रो उत्पादन, हाम्रो स्वाभिमान अभियानलाई आत्मसात गर्दै कृषकहरूको क्षमता अभिवृद्धिका लागि व्यावसायिक तालिम, उन्नत बीउ-विजन तथा आवश्यक कृषि सामग्री सहयोगका कार्यक्रमहरूलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

- ✓ जैविक विविधताको संरक्षण र उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राखी रैथाने बालीको प्रवर्द्धन गरिनेछ र प्राङ्गारिक (Organic) कृषि उत्पादनमा जोड दिइनेछ। गुणस्तरीय बिउको उपलब्धता सहज र सुलभ बनाउन कृषकहरू बीच 'बिउ पैंचो (Seed Exchange) कार्यक्रम' को संस्थागत विकास गरिनेछ।

- ✓ रासायनिक विषादीको प्रयोगलाई क्रमशः न्यूनीकरण र निरुत्साहित गर्न स्थानीय स्तरमै वनस्पतिक तथा घरेलु विषादी उत्पादन र प्रयोगलाई प्रोत्साहन गरिनेछ। बालीनालीमा अचानक देखा पर्ने रोग, कीरा तथा महामारीको तत्काल पहिचान र नियन्त्रणका लागि 'आकस्मिक बाली संरक्षण सेवा' विस्तार गरिनेछ। कीटनियन्त्रण र वनस्पति संरक्षणका लागि प्राविधिक सेवा र जैविक/रासायनिक सामग्री सहज ढंगले उपलब्ध गराइनेछ।

- ✓ कृषि क्षेत्रमा समावेशिता र समतामूलक विकास सुनिश्चित गर्न अपाङ्गता भएका कृषकहरूको आर्थिक आत्मनिर्भरताका लागि 'अपाङ्ग कृषक समूह लक्षित कार्यक्रम' ५० प्रतिशत साझेदारीमा सञ्चालन गरिनेछ। साथै, पालिकाको भौगोलिक रूपमा विकट र मूलधारबाट टाढा रहेका कृषकहरूलाई कृषि सेवाको पहुँचमा ल्याउन 'दुर्गम कृषकसँग भेटघाट तथा स्थलगत परामर्श कार्यक्रमलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ।

**पशु विकास तर्फ:**

- ✓ निर्वाहमुखी पशुपालनलाई व्यवसायीक बनाउन आधुनिक प्रविधीको प्रयोग तथा पशुको नश्ल सुधार गर्दै व्यवसायिक रुपमा पशुपन्छी तथा मत्स्य फर्म सञ्चालन गर्ने प्रवन्ध मिलाइनेछ।

- ✓ पशु स्वास्थ्य सेवा वडाबाटै संचालन गर्न जनशक्ती व्यवस्थापन गरि वडा-वडामा सेवा केन्द्र स्थापना गरिनेछ ।
- ✓ पशुपन्छीको औषधी उपचारलाई प्रभावकारी बनाउन प्रत्येक वडामा पशु बाझोपन निवारण तथा स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- ✓ गाउँपालिका भित्रका पशुपन्छीलाई संक्रामक रोग बिरुद्ध खोप कार्यक्रम संचालन गरिनेछ ।
- ✓ कृत्रिम गर्भाधान सेवा विस्तार गरि गाई र भैसीको नश्ल सुधारका साथै दुग्ध उत्पादनमा बृद्धि गरि किसानको आयआर्जनमा सुधार गरिनेछ ।
- ✓ भेटेरेनरी ल्यावको स्तरोन्नती तथा नमुना संकलन सम्प्रेषण कार्यलाई प्रभावकारी बनाउदै पशुपन्छीमा लाग्ने रोगहरुको पहिचान तथा परीक्षणको दायरा विस्तार गरी समयमै औषधी उपचारको व्यवस्था मिलाईनेछ ।
- ✓ पशु सेवा शाखाको डिस्पेन्सरीको भवन व्यवस्थापन गरी पशुको मेजर तथा माइनर सर्जरी सेवा विस्तार गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।
- ✓ सामुदायीक कुकुरको संख्या नियन्त्रण गर्दै रेवीज रोगको उन्मुलनका लागी कुकुरको स्थायी बन्ध्याकरण गरिनेछ ।
- ✓ कृषि तथा पशुपालन क्षेत्रलाई आयमुलक व्यवसाय बनाई कृषकहरुलाई आत्मनिर्भर बनाईनेछ । कृषि पेशालाई मर्यादित पेशा तथा उत्पादनशिल व्यवसायको रुपमा विकास गर्न आधुनिक कृषि प्रविधिको प्रयोग, उन्नत विउविजन, समयमै मलखादको व्यवस्था, पशुपन्छी तथा वाली बीमाको क्षेत्र विस्तार, प्राङ्गारिक खेतिको प्रवर्द्धन,पशु प्रजनन्मा उन्नत जातको नश्लसुधारको प्रयोग, खोप कार्यक्रम, कृत्रिम गर्भाधानमा कृषकको पहुँच बृद्धि, गर्ने नीति लिईनेछ ।
- ✓ कृषि तथा पशुपालन क्षेत्रमा विवरणमूखि कार्यक्रमलाई निरुत्साहित गर्दै परिणाममूखी वनाउनको लागि लागत साझेदारी युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**सहकारी तथा घरेलु विकास सम्बन्धी नीति:**

- ✓ सहकारी क्षेत्रको संस्थागत सुदृढीकरण, सुशासन र वित्तीय अनुशासन कायम गर्दै कृषि तथा उत्पादनमूलक क्षेत्रमा लगानीमैत्री वातावरण निर्माण गरिनेछ । सहकारीहरूको प्रभावकारी नियमन, क्षमता अभिवृद्धि, COPOMIS तालिम तथा एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ नयाँ उद्योग स्थापना तथा घरेलु, साना एवं लघु उद्योगहरूको प्रवर्द्धन गरी उद्यमशीलता, उत्पादन र रोजगारी वृद्धि गरिनेछ । लघु उद्यम विकास, प्रविधि हस्तान्तरण तथा सीप विकास कार्यक्रममार्फत उद्यमीहरूको जीविकोपार्जन र आर्थिक सशक्तीकरणमा जोड दिइनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**महिला बालबालिका तथा जेष्ठ नागरिक नीति**

- ✓ आर्थिक, सामाजिक लैंगिक तथा भौगोलिक रुपमा पछाडी परेका लक्षित वर्ग/समुदायको पहिचान गरी लक्षित वर्ग उन्मुख सशक्तिकरण कार्यक्रम संचालन गरिनेछ । दिगो विकासमा योगदान पुर्याउनको लागि गाउँपालिकाको हरेक गतिविधिमा उनीहरुलाई समावेश गरी मुलप्रवाहीकरणमा जोड दिइनेछ ।
- ✓ महिलाको मौलिक हक अधिकार कार्यान्वयनको लागि विकासका गतिविधिमा समावेश गरी प्रत्यक्ष सहभागिता वृद्दी गर्न मौजुदा नीति कडाइका साथ पालना गरिनेछ । लैङ्गिक मुलप्रवाहिकरण समावेशिकरण र सशक्तिकरणका लागि सीपमुलक तर नतिजामुखी तालिम, चेतनामुलक तथा क्षमता विकास सम्बन्धी तालिम ७ वटै वडामा संचालन गरिनेछ ।
- ✓ सीमान्तकृत जाती चेपाङ, वराम, माझी, गाईने तथा दलित र एकल महिलाहरुको आय आर्जनमा बृद्धि गर्नका लागि सिपमुलक कार्यक्रम संचालन गरिनेछ ।
- ✓ **"आय आर्जनमा महिला, उद्यमशिलतामा पहिला"** ध्येयकासाथ लघुउद्यम कार्यक्रमसंग समन्वयगरी प्रत्येक टोलमा महिला समूह/आमा समूहहरुको क्षमता विकास गरी सीपमूलक कार्यमा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- ✓ स्थानीय स्तरमा महिलाहरूबाट उत्पादित कपडा, खादा, टोपी, मुडा, सुकुल, दुना—टपरी, स्थानीय मौलिक तथा कलात्मक पहिरन, गुन्द्री, अचार लगायतका स्थानीय उत्पादनहरूको प्रवर्द्धन तथा प्रोत्साहन गर्ने नीति लिइनेछ।
- ✓ जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई वडास्तरमा घुम्ती शिविर संचालन गरी परिचय पत्र वितरण गरिनेछ ।
- ✓ बालबालिका तथा किशोर/किशोरी माथि हुने सबैप्रकारका दुर्व्यवहार, हिंसा र भेदभावको अन्त्यका लागि सम्बन्धित निकाय तथा क्रियाशिल संघ संस्थासँग सहकार्य गरिनेछ ।
- ✓ हिंसा, दुर्व्यवहार र भेदभावमा परेका, मानसिक श्वास्थ्यमा समस्या भएका, अशक्त परिवार विहिन र विपन्न ज्येष्ठ नागरिकहरुको संरक्षण तथा पुनर्थापनाको लागि गाउँपालिकाको पहलमा सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।
- ✓ बालमैत्री स्थानीय तह घोषणाको लागि तोकिएको सूचकहरु पूरा गर्न सरोकारवाला निकायहरुलाई परिचालन गरिनेछ । सम्पूर्ण वडामा बालमैत्री वातावरण निर्माण गरी बालमैत्री वडा घोषणाका लागि आवस्यक कार्य अगाडी बढाइनेछ ।
- ✓ आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरुमा अपाङ्गता भएका नागरिकहरुको पहूँच सुनिश्चित गर्ने व्यवस्था मिलाईनेछ, ।
- ✓ सिध्दलेक गाउँपालिकाको कार्यालयमा अपाङ्ग मैत्री सहायता कक्ष स्थापना गरिनुकासाथै अपाङ्गता भएका व्यक्तिको पहिचान सहितको वडागत तथ्याङ्क संकलन तथा दस्तावेज तयार गरिनेछ ।
- ✓ क र ख वर्गका अपाङ्गता भएका व्यक्तिका लागि राज्यध्दारा सञ्चालन गर्दै आएको स्वास्थ्य विमा कार्यक्रममा सहजिकरण गरिनेछ साथै ग वर्गका अपाङ्गता भएका व्यक्तिहरुका लागि सिध्दलेक गाउँपालिकाबाट ६० प्रतिशत लागत साझेदारीमा स्वास्थ्य विमा कार्यक्रम यसै वर्षदेखि लागुगरिनेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिका लागि आवस्यक सहायता सामाग्री वितरण कार्यलाई निरन्तरता दिइनेछ ।
- ✓ दलित तथा जनजाती समुदाय लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ स्थानीयस्तरमा उत्पादित ढाकाको खादाको उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्दै स्थानीय उत्पादनको प्रयोग, बजारीकरण तथा बजार विस्तारमा जोड दिइनेछ।

**राजस्व व्यवस्थापन सम्वन्धी नीति:**

- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका संचालित होटल रिसोर्ट तथा उद्योग व्यवसायहरुलाइ गाउँपालिकामा सूचिकृत गराइ करको दायरामा ल्याइने छ ।
- ✓ वजार क्षेत्रमा राखिएका विभिन्न विज्ञापनहरुको होडिङ वोर्डहरुसंग सम्वन्धित विज्ञापन दाताहरुलाइ करको दायरामा ल्याउन पहल गरिने छ ।
- ✓ IEE स्वीकृत भइ खानी संचालन अनुमती समेत लिइ सकेका दर्तावाला खानीहरुलाइ आवश्यक ऐन नियम वनाइ करको दायरामा ल्याइने छ ।
- ✓ प्रक्रिया पूरा गरी निजी जग्गावाट निस्कने खानीजन्य पदार्थलाइ करको दायरामा ल्याइने छ ।
- ✓ ढुंगा गिट्टी वालुवा जडिवुटी कु-काठ निकासीलाइ व्यवस्थित गरी करको दायरामा ल्याइने छ ।
- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक वन र सहकारी संस्थाहरुलाइ व्यवस्थित गराइ करको दायरामा ल्याइने छ ।
- ✓ वक्यौता राजस्व असुलीको लागि ताकेता गरी असुल गर्न पहल गरिने छ ।
- ✓ सडक लगायतका पूर्वाधार निर्माण क्रममा उत्खनन् गर्दा निस्कने ढुंगा ग्राभेल जस्ता खनिजजन्य पदार्थको निकासी लाइ ऐन नियम वनाइ करको दायरामा ल्याइने छ ।
- ✓ सिद्धलेक गाउँपालिका भित्र रहेका एवं सिमानामा पर्ने त्रिशुली नदी, थोपलखोला, विजुलीखोला, सुकौराखोला, आदमखोला र वुढिगण्डकी नदीको वगरहरुवाट निस्कने ढुंगा गिट्टी बालुवा दहत्तर बहत्तरको समयमा ठेक्का वन्दोवस्त गरी आन्तरिक राजस्व वृध्दि गर्न पहल गरिने छ ।
- ✓ गाउँपालिकामा दर्ता भएका व्यवसायहरुलाइ नविकरण गर्न उत्प्रेरणा जगाउने कार्यक्रम संचालन गर्नुका साथसाथै आर्थिक वर्ष शुरू भएको ३ महिना भित्र नविकरण नभइ पछि नविकरण गर्न आउने व्यवसायलाइ विलम्व शुल्क लगाउने व्यवस्था गरिने छ ।
- ✓ यस गाउँपालिका अन्तर्गत पर्ने कालुपाण्डे मार्ग आसपासको क्षेत्रमा धेरै प्रकारका चट्टानहरु पाइने भनी विभिन्न कलेजहरुवाट अध्ययनको लागि अध्ययन टोली आउने गरेको हुँदा त्यसरी अध्ययन गर्न आउने टोलीवाट राजस्व संकलन गर्न सकिने सम्भावना रहेको हुँदा आगामी दिनमा उक्त क्षेत्रलाइ खुल्ला संग्राहलय घोषणा गरी उक्त कार्यलाइ सुरक्षित र व्यवस्थित वनाउन होडिङ वोर्डको व्यवस्था गर्नुका साथै अध्ययनको लागि आउने टोलीवाट प्रवेश शुल्क निर्धारण गरी उक्त कार्यलाइ करको दायरामा ल्याइने छ ।
- ✓ गाउँपालिकावाट वाहिर निकासी हुने काठ, दाउरा, जडीवुटी, कवाडी, तथा माटोजन्य पदार्थलाइ पनि दहत्तर वहत्तर संगै जोडेर ठेक्का लगाइने छ ।
- ✓ महिलाहरुको नाममा दर्ता भएका व्यवसायको दर्ता शुल्क र नविकरण शुल्कमा ५०% छुट दिइने नीतिलाइ निरन्तरता दिइनेछ ।
- ✓ कर संकलनलाइ प्रविधि मैत्री वनाउदै लगिने छ ।

- ✓ गाउँपालिकाबाट विनियोजित वजेटवाट संचालन हुने आयोजनाहरुमा स्थानीय स्तरमा छरिएर रहेका तथा उत्खनन् कार्य गर्दा निस्केका ढुंगा प्रयोग गर्दा वागमती प्रदेश आर्थिक ऐन तथा गाउँपालिकाको आर्थिक ऐनमा तोकिए वमोजिमको दरमा दहत्तर बहत्तर शुल्क लिइने छ ।
- ✓ यस सिध्दलेक गाउँपालिकाको क्षेत्र भित्र परिवहन सेवा संचालन गरि राखेका तिन पाङ्ग्रे अटो रिक्साहरुलाइ करको दायरामा ल्याउनको लागि कार्यविधि समेत तर्जुमा भइसकेको हुँदा आगामी आ.व. देखि राजस्वको दायरामा ल्याइने छ ।
- ✓ सम्पति कर तथा मालपोत/भूमिकर गणनाको लागि तोकिने जग्गा मूल्यांकनको दरमा एक रुपताको लागि गाउँपालिकाको सिफारिस वमोजिम साविक मालपोत कार्यालय हालको भूमी प्रशासन कार्यालय धादिङले तोकेको दरलाई नै कायम गरिने छ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**वन तथा वातावरण सम्बन्धी नीति:**

- ✓ सिद्धलेक गाउँपालिकाभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिहरुलाई गाउपालिकामा अनिवार्य सूचिकृत गरिनेछ ।
- ✓ वनपैदावारको अवैध कारोवार गर्ने जंगल कटानी फडानी गर्ने र वनमा डढेलो लगाउने जस्ता कार्यलाई निरुत्साहन गरिनेछ । वन सम्वन्धि प्रचलित नियम कानुन् विपरित कार्य गरेको पाइएमा तोकिएबमोजिमको कार्यवाही गरिने छ ।
- ✓ वन वातावरण संरक्षणमा प्रभावकारी भुमिका निर्वाह गर्ने वन उपभोक्ता समितिलाई पुरस्कृत एंव प्रोत्साहन गरिनेछ ।
- ✓ प्रत्येक सामुदायिक बन उपभोक्ता समितिलाई डढेलो तथा आगलागि नियन्त्रणको लागि आधारभूत प्रतिकार्य औजारहरु वितरण गरिनेछ ।
- ✓ वन्यजन्तुका कारण कृषकको बालीमा क्षति पुर्याएमा वन्यजन्तुको रोकधाम तथा बालीको क्षतिपुर्तीको लागि इलाका तथा जिल्ला वन कार्यालयसंग समन्वय गरी आवस्यक प्रवन्ध मिलाइनेछ ।
- ✓ विकास योजनालाई वातावरणमैत्री हुने गरी दिगोरुपमा संचालन गरिनेछ ।
- ✓ वढ्दो शहरीकरणलाई मध्यनजर गर्दै मानव निर्मित फोहोर व्यवस्थापन, वातावरणीय सुधार तथा सरसफाई सम्बन्धी टोल सुधार समितिहरु गठन गरी सिंगो पालिका विकास कार्य अगाडी बढाईनेछ । सार्वजनिक जग्गा अतिक्रमण गरी अवैधरुपमा स्थापित घर/टहरा, होटल, रिसोर्ट हटाई सिंगो पालिका विकास कार्य अगाडि बढाईनेछ ।

**विपद् व्यवस्थापन सम्बन्धी नीति**

- ✓ प्राकृतिक विपद्को पुर्वतयारीको लागि विपद् व्यवस्थापन कोष तथा आकस्मिक कोषमा आवश्यक रकम जम्मा गरि विपद् पूर्वतयारी, प्रतिकार्य तथा विपद् उत्थानशील कार्यको विपद् प्रतिकार्य योजना वनाइ लागु गरिनेछ ।
- ✓ पालिकाबाट संचालन हुने योजनाहरुलाई विपद उत्थानशील विकासको अवधारणा अनुसार कार्यान्वयन गरिनेछ ।
- ✓ वडा समुदाय तथा विद्दालयस्तरमा विपद् पूर्वतयारी, सुरक्षा, प्रतिकार्य र चेतनामुलक कार्यको विस्तार गरिनेछ ।
- ✓ वडास्तरमा गठित विपद् व्यवस्थापन समिति तथा स्वयंसेवकहरुलाई आवश्यक तालिम र प्रतिकार्यमा खटिँदा प्रयोग गर्ने व्यक्तिगत सुरक्षा कवजको व्यस्था सहित प्रभावकारि रुपमा परिचालन गरिनेछ ।

**आन्तरीक व्यवस्थापन तथा खरिद**

- ✓ गाउँपालिकाको जिन्सी व्यवस्थापनलाई प्रविधिमैत्री एवं पूर्ण पारदर्शी वनाईनेछ ।
- ✓ जिन्सी श्रेस्ता प्रणाली तथा यसको उपयोगबारे सम्बन्धित शाखा तथा वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ ।
- ✓ सार्वजनिक खरिदलाई व्यवस्थित गर्न वार्षिक खरिद योजना तयार गरी लागु गरिनेछ ।
- ✓ गाउँपालिकाको जनप्रतिनिधि एवं कर्मचारीहरुको कार्यकक्ष र आन्तरीक व्यवस्थापनको पाटोलाई सुव्यवस्थित वनाउन आन्तरीक व्यवस्थापन मापदण्ड वनाई लागु गरिनेछ ।

**आदरणीय सभा सदस्य ज्यूहरु,**

**न्यायिक समिति**

- ✓ नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार गठित न्यायिक समितिलाई प्रभावकारी रुपमा संचालन गरिनेछ । अन्यायमा परेका महिला, दलित, अपाङ्गता भएका, जेष्ठ नागरिक, हिंसा पीडित तथा गरीविको रेखामुनी रहेका व्यक्ति लगायत विभिन्न वर्ग समुदायलाई कानूनी सहायता

प्रदान गरिनेछ । साथै, सबै निकाय तथा कार्यालयसँग न्यायिक पहुँचको लागि सहजिकरण गरिनेछ ।

- ✓ **"उपाध्यक्षसँग कानूनी सचेतना कार्यक्रम"**का माध्यमबाट स्थानीय सरकार सञ्चालन एन २०७४ अनुसार न्यायिक समितिले सम्पादन गर्ने न्यायिक निरुपण सम्वन्धि व्यवस्थाको विषयमा जनस्तर र विद्यालयहरुमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ योग्य मेलमिलापकर्ताहरुलाई सूचीकृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ । साथै प्रत्यक वडामा रहेको मेलमिलाप केन्द्रलाई थप व्यवस्थित बनाइनेछ ।
- ✓ मेलमिलापकर्ताको लागि पुनर्ताजकी क्षमता अभिवृद्दी तथा अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ ।
- ✓ न्यायिक समितिलाई विस्वास र भरोसायोग्य बनाउनको लागिन्यायिक सम्पादनको कार्यलाई द्रुतगति प्रदान गरिनेछ ।
- ✓ अदालत र सर्वसाधारण जनताविच वर्तमान कानून र अदालती प्रक्रियाको बारेमा जानकारी आदान प्रदान गर्नका लागि **"जनतासँग अदालत कार्यक्रम"** संचालन गरिनेछ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण तर्फ:**

- ✓ सामाजिक सुरक्षा भत्ता वितरणलाई थप पारदर्शी, प्रभावकारी, प्रविधिमैत्री तथा सेवाग्राहीमुखी बनाइनेछ ।
- ✓ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई डिजिटल माध्यमबाट सुदृढ गरी अभिलेख व्यवस्थापनलाई अझ व्यवस्थित बनाइनेछ ।
- ✓ ३५ दिन भित्र जन्म, मृत्यु, विवाह, बसाइँसराइ तथा सम्बन्ध विच्छेद दर्तालाई शतप्रतिशत बनाउन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको तथ्याङ्कलाई नियमित अद्यावधिक तथा प्रमाणीकरण गरिनेछ ।
- ✓ सामाजिक सुरक्षा तथा पञ्जीकरण सम्बन्धी सेवाहरूमा सबै नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ ।
- ✓ राज्यबाट प्रदान गरिने सामाजिक सुरक्षाका कार्यक्रमलाई लक्षित वर्गसम्म समयमै पुऱ्याइनेछ ।

- ✓ वडा कार्यालय तथा सम्बन्धित निकायहरूको क्षमता अभिवृद्धि गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाइनेछ ।
- ✓ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तासम्बन्धी कानुनी व्यवस्था, निर्देशिका तथा कार्यविधिको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- ✓ वैशाख १ देखि ७ गते सम्म संचालन हुने व्यक्तिगत घटनादर्ता सप्ताह संचालनलाई निरन्तरता दिइने छ ।
- ✓ सम्पुर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको Biometric लिने कार्यलाई निरन्तरता दिईने छ ।

**आदरणीय सभा सदस्यज्यूहरु**

सम्मानित सभामा पेश भएको यस नीति तथा कार्यक्रमको कार्यान्वयन पश्चात गाउँपालिकाको आर्थिक, सामाजिक एवं पुर्वाधार विकासको अवस्थामा उल्लेख्य सुधार हुने विश्वास लिएको छु । नीति तथा कार्यक्रमको कार्यान्वयनमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, बुद्धिजिवी, उद्योगी/व्यवसायी, आमसञ्चार लगायत सम्पूर्ण आमा-बुवा, दिदी-बहिनी तथा दाजुभाईहरुबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै सम्पुर्णमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सबैसंग हातेमालो गर्दै अघि वढ्नु हुनेछ भन्ने अपेक्षा गरेको छु ।

**धन्यवाद ।**

परशुराम खतिवडा
अध्यक्ष
सिद्धलेक गाउँपालिका
८ असाढ २०८३